संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

## प्रेस विज्ञप्ति – २०६४ फागुन ८

---

### तराईका विरोध प्रदर्शनहरूमा सबै पक्षद्वारा हिंसाको अन्त्य गरियोस् भन्ने उच्चायुक्तको कार्यालय-नेपालद्वारा आह्वान

तराईका धेरै ठाउँमा बढ्दो हिंसाबारे विभिन्न रिपोर्टको सन्दर्भमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई विरोध प्रदर्शनप्रति आफ्ना कार्यमा संयम अपनाउन उच्चायुक्तको कार्यालय-नेपाल आग्रह गर्दछ। विरोध प्रदर्शन गर्ने समूहहरूलाई शान्तिपूर्ण उपायहरू मात्र प्रयोग गर्न यस कार्यालय पनि आह्वान गर्दछ। यस्तो तनावग्रस्त अवधिमा मानवअधिकारप्रतिको सम्मान अझ बढी अत्यावश्यक छ।

हालैका दिनहरूमा उच्चायुक्तको कार्यालयले प्रदर्शनकारीहरूका कार्यहरू र सुव्यवस्था कायम राख्न प्रहरीले गरेको प्रतिक्रियाको अनुगमन गरेको छ। केही घटनामा, सरकारी सम्पत्तिको संरक्षण गरिरहेका वा सडकमा अवरोध हटाईरहेका प्रहरीमाथि ढुङ्गा हान्ने प्रदर्शनकारीबाट भएका उत्तेजनाका बाबजुद प्रहरीले संयमता देखाएको छ। त्यस क्रममा प्रहरी अधिकारीहरू पनि घाइते भए। तथापि अन्य घटनामा कहिलेकाहीं शान्तिपूर्ण प्रदर्शनकारीविरुद्ध समेत, प्रहरीले अत्यधिक बल प्रयोग गरेको, जसको परिणामस्वरुप कम्तीमा एक जनाको मृत्यु भएको र प्रदर्शनकारीहरूलाई अनेकौं चोटपटक लागेको भन्ने उच्चायुक्तको कार्यालयले पाएको छ। हत्या गरिएको भनिएका अन्य घटनाको अनुसन्धानलाई यस कार्यालयले जारी राखेको छ।

उच्चायुक्तको कार्यालय-नेपाल हत्याका सबै घटना एवं गम्भीर कुटाई भएको भन्ने आरोपहरूको पूर्ण तथा स्वतन्त्र अनुसन्धान गरियोस् भन्ने आफ्नो आह्वान दोहऱ्याउँदछ।

यस कार्यालयले दर्जनौं व्यक्तिहरूलाई पक्राउ गरिएको भन्ने बुझेको छ तथा घाइते भएका केहीलाई अस्पतालबाट निकाली प्रहरी हिरासतमा लगेको भन्ने रिपोर्ट प्राप्त गरेको छ। राज्यअधिकारीहरूले थुनुवाहरूको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नु भन्ने अत्यावश्यक छ।

सबैभन्दा हिंसात्मक घटनामध्ये फागुन ५ गतेका दिन नेपालगन्जमा घट्यो, जहाँ एक जनालाई प्रहरीद्वारा गोली हानी हत्या गरियो तथा एक १४-वर्षीय बालक सहित एघारजनालाई गोली लागेको घाउसहित अस्पताल भर्ना गरियो। प्रदर्शनकारीहरूले भवनका माथिल्लो तल्लाबाट प्रहरीलाई ढुङ्गा हानेको तथा सम्पत्ति तोडफोड गरेको घटनासहित उनीहरूबाट भएका हिंसात्मक कार्य उच्चायुक्तको कार्यालयले देख्यो। यसमा बालबालिकाको सहभागिता विशेष चिन्ताको विषय थियो, र यी बालबालिकामध्ये केही विरोध प्रदर्शनको अग्रपंक्तिमा रही प्रहरीमाथि ढुङ्गा हान्दै गरेको देखिएका र लौरा बोकिरहेका थिए। प्रदर्शनकारीहरूको पक्राउपश्चात् कठोर कुटपिट सहित कर्फ्यु लगाइएपछि प्रहरीद्वारा, धेरै पटक सशस्त्र प्रहरी बलबाट, भएको बलको अत्यधिक प्रयोगका थुप्रै घटनाहरू उच्चायुक्तको कार्यालयले अवलोकन गऱ्यो। गोली लागि घाइते हुनेहरूमध्ये केहीलाई भाग्दै गर्दा गोली हानियो भनिएको छ।

उच्चायुक्तको कार्यालय, धातुको गोली प्रयोगबाट अत्यन्त चिन्तित छ। नेपालगन्जका अतिरिक्त, प्रहरीको गोलीबाट महोत्तरी जिल्लाको जलेश्वरमा फागुन ५ गते चारजना प्रदर्शनकारी घाइते भएको भनिएको छ तथा धनुषा जिल्लाको जनकपुरमा फागुन ६ गते तीनजना व्यक्तिहरूलाई प्रहरीको गोली लागेको बताइएको छ। प्रदर्शनहरूमा जीवनप्रति धेरै गम्भीर खतरा नभएसम्म तथा अन्य सबै उपायहरू प्रयोग गरिसकेपछि मात्रै प्रहरीले बन्दुकको प्रयोग गर्नु हुन्छ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org

“सरकारले प्रहरीलाई कानुन र व्यवस्था कायम राख्नमा संयम अपनाउन निर्देशन जारी गरेको छ भन्ने कुरा मेरो कार्यालयले मानेको छ। तथा म पनि प्रहरीलाई न्युनतम बल प्रयोग गर्न, र यदि बल आवश्यक छ भने त्यो सामुन्ने भएको खतरासंग समानुपातिक छ भनेर सुनिश्चित गर्न आग्रह गर्दछु। कर्फ्यु लगाइनुले जीवनप्रति खतरा नहुने परिस्थितिमा बन्दुकको प्रयोगलाई न्यायोचित ठहऱ्याउँदैन,” उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

फागुन ५ गते वीरगञ्जमा शान्तिपूर्ण विरोध प्रदर्शनको जुलुसमाथि प्रहरीले लाठी चार्ज गरेको तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका एक कार्यकर्ता, जसले प्रहरीसँग आग्रह गरिरहेको, माथि चरम प्रहार गरेको भनिएको थियो। जलेश्वर तथा जनकपुरलगायत ठाउँ–ठाउँमा प्रहरी अधिकारीले निजी घरमा जबरजस्ती प्रवेश गरेर बासिन्दाहरूलाई कुटपिट पनि गरेको भनिएको छ।

पूर्वी तराईमा अधिकांश घटनामा प्रहरीले धैर्य राखी प्रदर्शनकारीहरूसँग वार्ता गरेको देखियो, जुन प्रदर्शनकारीहरूले कहिलेकाहीं हतियारका रूपमा भाटा बोक्ने तथा एम्बुलेन्सहरूलाई पनि जान नदिई सडक अवरुद्ध तुल्याउने काम गरेका थिए। तर प्रहरीद्वारा भएका कारबाहीमा एकरूपता नरहेको भन्नेबारे उच्चायुक्तको कार्यालय अझै चिन्तित छ। केही घटनामा प्रदर्शनकारीहरूलाई तितरबितर गर्न बलको प्रयोग गरिएको थियो; अन्य समयमा फागुन ७ गते विराटनगरमा भएको बन्दका विरोध गर्ने आक्रामक भिडलाई नियन्त्रण गर्न प्रत्यक्षरूपमा संलग्न हुन प्रहरी विफल भए।

हालका केहि दिनयता पत्रकारविरुद्ध प्रदर्शनकारी तथा प्रहरी दुवैबाट भएका आक्रमणका अनेकौं रिपोर्टलाई पनि उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ। फागुन ७ गते जनकपुरमा सप्रबका कर्मचारीहरूले रेडियो स्टेशनमा प्रवेश गरेर एक जनालाई कुटपिट गरी प्रसारणमा आधा घण्टासम्म अवरोध पुऱ्याएको भनिएको छ। अभिव्यक्तिको स्वतन्त्रता मानवअधिकारको आधारभूत अधिकार तथा राज्यअधिकारीहरूले हस्तक्षेप गर्न नहुने लोकतन्त्रका अत्यावश्यक तत्त्व रहेको छ।

फागुन ७ गते विराटनगरमा चलिरहेको विरोध प्रदर्शन विरोधि युवाहरूबाट मौखिक तथा भौतिकरूपले उच्चायुक्तको कार्यालयका चार जना कर्मचारीलाई धम्की दिए र उच्चायुक्तको कार्यालयका गाडीमाथि क्षति पुऱ्याउने धम्की दिए। घटनाका बेला नजिकै तैनाथ प्रहरीहरू पनि सो घटनामा हस्तक्षेप गर्न विफल भए। यी धम्कीका परिणामस्वरूप उच्चायुक्तको कार्यालयलगायत मानवअधिकार रक्षकले प्रभावकारी ढङ्गले सो दिनका घटनाहरूका अनुगमन गर्न सकेन।

"आ–आफ्ना समर्थकले हिंसा – जस्ले शान्ति प्रक्रियाको यस अति महत्त्वपूर्ण चरणमा तनाव बढाउने काम मात्रै गर्छ – का प्रयोग गर्दैनन् भन्ने सुनिश्चित गर्न विरोध प्रदर्शन तथा प्रदर्शनमा भाग लिइरहेका सबै समूहका नेताहरूसँग फेरि आग्रह गर्दछु," रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org